**नेपाल उद्योग वाणिज्य महासंघमा**
**सदस्यता लिनको लागि संलग्न कागजात**
**सहित राखेर दरखास्त पेश गर्नु पर्ने छ ।**

## जिल्ला/नगर सदस्य :

१. जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको प्रमाण पत्रको फोटोकपी ।

२. सम्बन्धित संस्थाको विधानको फोटोकपी ।

३. सदस्यता प्राप्त गर्न उद्योग वाणिज्य संघमा कानून बमोजिम दर्ता भएका नियमित शुल्क तिरेका कम्तीमा २००० उद्योग व्यवसाय सदस्य भएको नामावलीका फोटोकपी हुनु पर्ने छ ।

४. संघको आफ्नै भवन, संघ सञ्चालनको लागि कर्मचारी सहितको सचिवालय तथा वार्षिक आम्दानी रु. २० लाख हुनुपर्ने ।

५. जनसंख्या उल्लेख भएको सम्वन्धित निकायको पत्र ।

६. जम्मा शुल्क रु. २०,०००/- (प्रवेश शुल्क रु. १०,०००/- र वार्षिक शुल्क रु. १०,०००/-) ।

## वस्तुगत सदस्य :

१. जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको प्रमाण पत्रको फोटोकपी ।

३. सम्बन्धित संस्थाको विधानको फोटोकपी ।

४. दुई वटा प्रदेशको कम्तिमा एघार वटा जिल्लामा कानून बमोजिम दर्ता भएका कम्तिमा ७५ वटा शुल्क तिरेका सदस्य हुनु अनिवार्य छ ।

५. जम्मा शुल्क रु. ३५,०००/- (प्रवेश शुल्क रु. १०,०००/- र वार्षिक शुल्क-२५,०००/-) ।

## द्विराष्ट्रिय सदस्य :

१. जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको प्रमाण पत्रको फोटोकपी ।

२. संवन्धित संस्थाको विधानको फोटोकपी ।

३. अघिल्लो तीन वर्षसम्म नेपालको कूल आयात निर्यात व्यापारको कम्तीमा एक प्रतिशत अंश व्यापार हुने मुलुकसंगको व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित भएको ।

४. सम्बन्धित संस्थामा कम्तीमा १०० वटा प्रचलित कानून बमोजिम दर्ता भएका शुल्क तिर्ने सदस्य भएको नामावलीका फोटोकपी हुनु पर्ने छ ।

५. जम्मा शुल्क रु. ३०,०००/- (प्रवेश शुल्क रु. १०,०००/- र वार्षिक शुल्क रु. २०,०००/-) ।

## एशोसिएट सदस्य :

१. नेपाल सरकारमा वा कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भएको प्रमाण पत्रको फोटोकपी ।

२. महासंघको साधारण सदस्य एवं प्रदेश उद्योग वाणिज्य महासंघको सिफारिश लिएको हुनु पर्ने छ ।

३. सम्बन्धित कम्पनीको प्रवन्ध पत्र वा नियमावली को फोटोकपी ।

४. गत सालको व्यालेन्सीटमा पेड अप क्यापिटल कम्तिमा पनि रु. २,५०,००,०००/- (दुई करोड ५० लाख) भन्दा वढि भएको हुनु पर्ने छ ।

५. शुल्क रु. २५,०००/- (प्रवेश शुल्क रु. ५०००/- र वार्षिक शुल्क रु. २०,०००/-) ।